आज मिति २०८२ साल जेठ ७ गते बुधरवारका दिन विहान ८ : ०० बजे गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमान सिं के.सी. ज्यू को अध्यक्षतामा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को वीसौं बैठक बसी तपसिलको उपस्थितिमा देहायको निर्णय पारित गरियो।

तपसिल

| क.सं | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जमान सिं के.सी. | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी चौधरी | उपाध्यक्ष | |
| ३ | श्री कर्म प्रसाद चौधरी | १ नं वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण थारु | २ नं वडा अध्यक्ष | |
| ५ | श्री निर्मल चौधरी | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री महेन्द्र प्रसाद चौधरी | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री धर्म प्रकाश थारु | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कृष्ण गोपाल चौधरी | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री हिरा चौधरी | कार्यपालिका सदस्य | |
| १० | श्री दुर्गा कुमारी छिनाल | कार्यपालिका सदस्य | |
| ११ | श्री श्यामपति चौधरी | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी सोनाहा | कार्यपालिका सदस्य | |
| १३ | श्री भिम कुमारी लोहार्नी | कार्यपालिका सदस्य | |
| १४ | श्री नर बहादुर चन्द | सदस्य सचिव | |

| सहजिकरण गर्ने | | | |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

गेरुवा गाउँपालिकाको आ208.व.१/०८२ को वीसौं कार्यपालिका बैठकको कार्यसूची

मिति : २०८२/२/७ समय : विहान ८ : 00बजे

बैठकका प्रस्तावहरु:

१. विद्यालयको लागी जग्गा खरिद सम्बन्धमा ।

२. भूमि बर्गिकरण प्रतिवेदन प्रकाशन सम्बन्धमा ।

३. गेरुवा बहुमुखी क्याम्पस लाइ अनुदान दिने सम्बन्धमा ।

४. समयमा कार्य सम्पन्न नगर्ने ठेकेदारहरु लाइ जरिवाना लगाउने सम्बन्धमा ।

५. आगलागी पिडितहरु लाइ राहत वितरण सम्बन्धमा ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजना सम्बन्धमा ।

७. विद्यालय भवन निर्माणको लागी बजेट व्यवस्थापन सम्बन्धमा ।

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को वीसौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/२/७ समय विहान :८ : 00बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :१**

| |
|---|
| **प्रस्तावको विषय** : विद्यालयको लागी जग्गा खरिद सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** सरस्वती आधाभूत विद्यालय विन्द्राको लागी जग्गा खरिद गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिका वडा नं. ५, विन्द्रामा संचालनमा रहेको श्री सरस्वती आधारभूत विद्यालयमा हाल कक्षा आठ सम्म पठनपाठन भइरहेको र त्यस विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा विद्यालय भवन, शैचालय, खानेपानी, खेलमैदान लगाएतका भौतिक संरचनाहरु निर्माण गर्न जग्गा अपुग भइ विद्यालयको पठन पाठनमा समेत समस्या भइ रहेकोले सो विद्यालयको लागी हाल लाइ कम्तिमा ५ कठ्ठा जग्गा उपलब्ध गराउनका यस कार्यालय बाट मिति २०८१/१२/१२ गते विद्यालय लाइ नि : शुल्क जग्गा दानको लागी सूचना प्रकाशित हुँदा कुनै पनि जग्गादाताले जग्गा दान गर्न निवेदन पेश नगरेकोले पुन : मिति २०८२/१/१७ गते सो विद्यालयको लागी न्यूनतम मूल्यमा जग्गा विक्रि गर्न इच्छुक जग्गा धनिहरु लाइ जग्गा विक्रि गर्ने विषयको सूचना प्रकाशित हुँदा यस गेरुवा गाउँपालिका वडा नं. ५ विन्द्रा स्थित विद्यालय नजिकैका सरस्वती आधारभूत विद्यालय लाइ पायक पर्ने जग्गा विक्रि गर्न इच्छुक ४ जना जग्गा धनिहरुले निवेदन दिनु भएकोमा विद्यालय लाइ न्यूनमत मूल्यमा जग्गा विक्रि गर्न इच्छुक निवेदकहरु मध्ये यस गाउँपालिका वडा नं. ५ विन्द्रा बस्ने श्री धर्म प्रकाश थारुले आफ्नो नाममा दर्ता श्रेस्ता कायम रहेको गेरुवा गाउँपालिका वडा नं. ५ साविक पशुपतिनगर गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ८३५ को जग्गा विद्यालयको पायक पर्ने देखिएको र निजले अन्य जग्गाधनिहरु भन्दा न्यून मूल्यमा जग्गा विक्रि गर्न इच्छुक रहेकोले उक्त जग्गा मध्ये ५ कठ्ठा जग्गा विद्यालयको नाममा खरिद गर्न गेरुवा गाउँपालिकाको गाउँसभा बाट आ.व. २०८१/०८२ का लागी स्वीकृत भएको बार्षिक बजेटमा जग्गा खरिद खर्च शिर्षकमा रु. २६,५०,०००।- रकम समेत विनियोजन भएकोले आवश्यक स्वीकृतिको लागी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिहदरबार काठमाण्डौ लाइ अनुरोध गर्ने निर्णय गरियो । |
| स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/२/७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को वीसौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/२/७ समय विहान :८ : 00बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :२**

| |
|---|
| **प्रस्तावको विषय** : भूमि वर्गिकरण प्रतिवेदन सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : भूमि बर्गिकरण प्रतिवेदन राजपत्रमा प्रकाशन गर्ने |
| **भएको निर्णय** : नेपाल सरकारले जारी गरेको भू उपयोग ऐन २०७६ तथा भू उपयोग नियमावली २०७९ अनुसार स्थानीय तहले आ- आफ्नो क्षेत्र भित्रको जग्गाको वर्गिकरण १ बर्ष भित्र गरिसक्नु पर्ने व्यवस्था भू उपयोग पहिलो संशोधन नियमावली २०८० ले गरे बमोजिम यस गाउँपालिका अन्तर्गतका जग्गाहरुको बर्गिकरण गर्न परामर्श दाता संस्था श्री रिलायवल इन्जनियरिङ्ग कन्सल्टेन्सी राजापुर ४ बर्दियाको प्राविधिक सहयोगमा तयार गरिएको यस गाउँपालिकाकाको भू उपयोग क्षेत्र वर्गिकरणको सम्पूर्ण वडाहरुको कित्ता काट विवरण सहितको प्रतिवेदन सम्बन्धित सबैको जानकारीको लागी गेरुवा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं. ३**

| |
|---|
| **प्रस्तावको विषय** : गेरुवा बहुमुखी क्याम्पस लाइ अनुदान सम्बन्धमा। |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : गेरुवा बहुमुखी क्याम्पस लाइ अक्षय कोष स्थापनाको लागी अनुदान दिने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिकाको आ.व. २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत चालु खर्च तर्फ गेरुवा बहुमुखी क्याम्पस अनुदान शिर्षक बाट खर्च हुने गरी गेरुवा बहुमुखी क्याम्पस अनुदान कार्यविधि, २०८० (संशोधन सहित) को परिच्छेद ५ को दफा १७ बमोजिम गेरुवा बहुमुखी क्याम्पस लाइ अक्षय कोष स्थापनाको लागी रु. ३० लाख रकम अनुदान दिने निर्णय गरियो । |
| स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/२/७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को वीसौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/२/७ समय विहान :८ : 00बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :४**

| |
|---|
| **प्रस्तावको विषय** : समयमा कार्य सम्पन्न नगर्ने ठेकेदारहरु लाइ जरिवाना सहित निर्माण कार्य अगाडी बढाउने सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : लक्ष्मीपुजा निर्माण तथा मेटेरियल सप्लायर्य घोराही दाङ्गले योजनाको कार्य समय सम्पन्न नगरेकोले जरिवाना लगाउने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिका र निर्माण कम्पनी लक्ष्मी पुजा निर्माण तथा मेटेरियल सप्लायर्य घोराही दाङ्ग वीच मिति २०७९/१०/२५ मा ठेक्का सम्झौता भएको एकप्रिय मा.वि. हुँदै भैरमपुर जाने सडक र शान्तिबजार देखी लोहारपुर जाने सडक कालोपत्रे योजनाको म्याद थप भएको अवधी मिति २०८१/११/३० भित्र समेत कार्य सम्पन्न नभएको र सो निर्माण योजना संचालन गरी समयमै सम्पन्न गर्नका लागी निर्माण व्यवसायी लाइ पटक - पटक लिखित एवं मौखिक अनुरोध गर्दा समेत निर्माण व्यवसायीले अटेर गरी हाल सम्म योजनाको कार्य तोकिएको लक्ष्य अनुरुप प्रगति नभएकोले र योजना संचालन गर्न आलटाल समेत गरेकोले म्याद थप भएको अवधी समाप्त भएको मिति २०८१/११/३० देखी लागू हुने गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम जरिवाना लगाउने र निर्माण कार्य समेत अगाडी बढाउन सचेत गराउने निर्णय गरियो । |

**प्रस्ताव नं. ५**

| |
|---|
| **प्रस्तावको विषय** : आगलागी पिडित लाइ रकम सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : आगलागी बाट क्षेति भएका परिवार लाइ राहत रकम प्रदान गर्ने । |
| **भएको निर्णय** : आगलागी बाट पिडित यस गाउँपालिका अन्तर्गतका तपशिलका व्यक्तिहरु लाइ तपशिल बमोजिमको रकम यस गाउँपालिकाको विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी राहत स्वरुप भुक्तानी दिने निर्णय गरियो । |

तपशिल

| क्र.सं. | नाम ठेगाना | आगलागी भएको मिति | राहत रकम |
|---|---|---|---|
| १ | दुर्गा दमाई गेरुवा ६, सानो लाहोरपुर | २०८२/१/२८ | रु. १५०००।- |
| २ | गोमा सोती गेरुवा २, भैरमपुर | २०८२/१/३१ | रु. १५०००।- |

स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (

<u>प्रमाणिकरण गर्ने-:</u>

नामथर :नर बहादुर चन्द

कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत

मिति 208 :२/२/७

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को वीसौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/२/७ समय विहान :८ : 00बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :६**

| |
|---|
| **प्रस्तावको विषय** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजना सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ३ मा संचालन हुने योजना छनौट गर्ने । |
| **भएको निर्णय** : प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गेरुवा गाउँपालिका वडा नं. ३ मा संचालनको लागी तपशिलको योजना छनौट गर्ने निर्णय गरियो ।<br>तपशिल<br>१. गणेशपुर स्वास्थ्य चौकी देखी पश्चिम तिर नन्द सिंह धामीको घर सम्म बाटो निर्माण । |

**प्रस्ताव नं. ७**

| |
|---|
| **प्रस्तावको विषय** : विद्यालय भवन निर्माणको लागी बजेट व्यवस्थापन सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु** : स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय** : गुड नेवर्स इन्टरनेशनल नेपाल र यस गाउँपालिकाको साझेदारीमा निर्माण गरिने सरस्वती आ.वि. बनकट्टीको विद्यालय भवन निर्माणको लागी आ.व. २०८२/०८३ मा बजेट व्यवस्थापन गर्ने । |
| **भएको निर्णय** : गुड नेवर्स इन्टरनेशनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सोनाहा विकास समाज नेपाल र यस गाउँपालिकाको संयुक्त साझेदारीमा संचालन हुने सरस्वती आ.वि. गेरुवा ३, बनकट्टीको भवन निर्माण योजनाको लागी साझेदार संस्था गुड नेवर्स इन्टरनेशनल नेपालले यसै आ.व. २०८१/०८२ मा रु. ६६१६६०।- रकम लगानी गरिरहेको र यस गाउँपालिकाको तर्फ बाट सह लगानी गर्नुपर्ने रकमको व्यवस्थापन नभएकोले गाउँपालिकाले सह लगानी वापत व्यहोर्नुपर्ने रकम रु. २५०००००।- आगामी आ.व. २०८२/०८३ को बजेट बाट व्यस्थापन गर्ने निर्णय गरियो । |
| स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (<br><u>प्रमाणिकरण गर्ने-:</u><br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/२/७ |

गेरुवा गाउँ कार्यपालिकाको आ.व.२०८१/०८२ को वीसौं बैठकमा प्रस्तुत भएका प्रस्ताव र निर्णयः

बैठक मिति 208 :२/२/७ समय विहान :८ : 00बजे

बैठकको अध्यक्षता : जमान सिं के.सी.

**प्रस्ताव नं :८**

| |
|---|
| **प्रस्तावको विषय** : खोज तथा उद्दार समाग्री खरिद गर्ने सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** गेरुवा गाउँपालिकाको विपद् प्रतिकार्यको लागी खोज तथा उद्दार सामग्री खरिद गर्ने । |
| **भएको निर्णय** : गेरुवा गाउँपालिकामा आइपर्ने बाढी तथा अन्य प्रकोपका घटनाका लागी आवश्यक खोज तथा उद्दार सामग्रीहरु खरिद गरी आपूर्ति गर्न रु. ८०००००।- (अक्षरेपी : आठ लाख मात्र) प्रकोप व्यवस्थापन कोष बाट खर्च हुने गरी विपद् प्रतिकार्य सामग्रीहरु खरिद गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :९**

| |
|---|
| **प्रस्तावको विषय** : भू उपयोग क्षेत्र बर्गिकरण प्रतिवेदन तयारीको क्रममा सिर्जना भएका नयाँ कित्ता सम्बन्धमा । |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** भू उपयोग क्षेत्र बर्गिकरण प्रतिवेदन तयारीको क्रममा जग्गा खरिद विक्रि हुँदा सिर्जना भएका नयाँ कित्ताहरु लाइ साविक कित्ता लाइ आधारमानी बर्गिकरणमा समावेश गर्ने । |
| **भएको निर्णय** : यस गेरुवा गाउँपालिकाको भू उपयोग क्षेत्र बर्गिकरण प्रतिवेदन २०८१ तयारीको क्रममा जग्गा खरिद विक्रि हुँदा सिर्जना भएका नयाँ कित्ताहरु भू उपयोग क्षेत्र वर्गिकरण प्रतिवेदन २०८१ मा नसमेटीएकोले त्यस्ता प्रतिवेदनमा नसमेटीएका कित्ताहरु लाइ साविक कित्ता लाइ आधारमानी भू उपयोग क्षेत्र बर्गिकरणमा समावेश गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो । |

**प्रस्ताव नं :१०**

| |
|---|
| **प्रस्तावको विषय** : भू उपयोग क्षेत्र बर्गिकरण प्रतिवेदन लागू । |
| **निर्णयको कानुनी आधारहरु :** स्थानीय सरकार सञ्चालन ऐन १७ को दफा 2074 |
| **निर्णय हुनु पर्ने विषय :** यस गेरुवा गाउँपालिकाले तयार गरेको भू उपयोग क्षेत्र बर्गिकरण प्रतिवेदन २०८१ मिति २०८२/४/१ गते देखी लागू गर्ने । |
| **भएको निर्णय** : परामर्शदाता संस्था रिलायवल इन्जिनयरिङ्ग कन्सल्टेन्सी गेरुवा २, बर्दियाको सहयोगमा तयार भएको यस गेरुवा गाउँपालिकाको भू उपयोग क्षेत्र बर्गिकरण योजना प्रतिवेदन २०८१ मिति २०८२/४/१ गते लागू गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो । |
| स्थानीय सरकार सञ्चालन ऐन २ को उपदफा 84 को दफा 2074(जबमोजिम निर्णयको (<br>प्रमाणिकरण गर्ने-:<br><br>नामथर :नर बहादुर चन्द<br>कार्यपालिका सचिव एवं प्रमुख प्रशासकीय अधिकृत<br>मिति 208 :२/२/७ |